# आधा दर्जन सरकारी कार्यालय निमित्तका भरमा

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, चैत २४ गते*

ताप्लेजुङ जिल्लामा आधा दर्जन बढी सरकारी कार्यालय निमित्त प्रमुखका भरमा सञ्चालनमा छन्। सङ्घ तथा प्रदेशमातहतका कार्यालय निमित्त कार्यालय प्रमुखका भरमा सञ्चालनमा रहेका हुन्।

हाल निमित्त प्रमुखका भरमा सञ्चालित कार्यालयमा डिभिजन वन कार्यालय, मालपोत कार्यालय, स्वास्थ्य कार्यालय, जिल्ला हुलाक कार्यालय रहेका छन्। जिल्ला अस्पताल, कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ ताप्लेजुङ निमित्त कार्यालय प्रमुखका भरमा सञ्चालित छन्।

यहाँका मालपोत कार्यालय, जिल्ला हुलाक कार्यालय, स्वास्थ्यलगायतका अधिकांश कार्यालय लामो समयदेखि निमित्त कार्यालय प्रमुखका भरमा सञ्चालन हुँदै आएका छन्। सम्बन्धित मन्त्रालय तथा विभागले कार्यालय प्रमुख नपठाउँदा निमित्तका भरमा उक्त कार्यालय सञ्चालन रहेका सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराईले बताउनुभयो।

जिल्लामा सङ्घ तथा प्रदेशमातहतका गरी सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना) दुई दर्जन कार्यालय छन्। उक्त सङ्ख्यामध्ये बाँकी सबैमा कार्यालय प्रमुख रहनुभएको सहायक प्रजिअ भट्टराईले जानकारी दिनुभयो। स्थानीय तहतर्फ अहिले सबैमा कार्यालय प्रमुखको पदपूर्ति भएको छ।

जिल्लामा रहेका नौ वटै स्थानीय तह अन्तर्गत केही रिक्त रहेको ठाउँमा पनि भर्खरै कार्यालय प्रमुख अर्थात् प्रमुख प्रशासकीय अधिकृतको पदपूर्ति भएको हो। गत चैत १८ गते सरकारले कार्यालय प्रमुख रिक्त रहेका यहाँको मैवाखोला गाउँपालिका, सिदिङ्वा गाउँपालिका, मेरिङ्देन गाउँपालिका र पाथीभरा याङवाराक गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाएको छ।

जिल्लाका बाँकी पाँच वटा स्थानीय तहमा पहिलेदेखि नै कार्यालय प्रमुख अर्थात् प्रमुख प्रशासकीय अधिकृत रहनुभएको थियो। यता कार्यालय प्रमुख नहुँदा केही कार्यसम्पादनमा असहजता हुनुका साथै सुशासनलगायतमा कमजोर अवस्था सिर्जना हुने गरेको पाइएको छ।

# सिद्धार्थ राजमार्गमा पार्किङलाई व्यवस्थित गरिँदै

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, चैत २४ गते*

स्याङ्जाको पुतलीबजारसहित सिद्धार्थ राजमार्गमा सवारीसाधन पार्किङलाई व्यवस्थित बनाउन थालिएको छ । सरोकारवाला बिच भएको छलफलले चार बुँदे निर्णयपश्चात् आउँदो वैशाख १ देखि सवारीसाधन पार्किङ व्यवस्थित बनाउने तयारी गरिएको हो। जिल्ला प्रशासन कार्यालय स्याङ्जाको समन्वयमा सरोकारवालाबिच गरिएको छलफलले तोकिएको स्थानबाहेक जथाभाबी पार्किङ नगर्न/नगराउन सूचित गरिएको हो । स्याङ्जाको मध्यभागमा पर्ने सिद्धार्थ राजमार्गको ८२ किलोमिटर यहाँको फेदीखोला, पुतलीबजार, भिरकोट, वालिङ र गल्याङ नगरपालिकाभित्र पर्छ।

साँघुरो रहेको यो सडकखण्डमा सवारीसाधन जथाभाबी पार्किङ गर्दा हुन सक्ने दुर्घटना वा जोखिम घटाउन प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालको समन्वयमा सवारीसाधनलाई व्यवस्थित गर्ने तयारी गरिएको छ । सरोकारवालाको छलफलले पुतलीबजार र मुख्य राजमार्गमा कुनै पनि प्रकारका सवारीसाधन पार्किङ गर्न नपाइने भएको छ । पारित भएको निर्णय अनुसार पिकअप र पिकअपभन्दा साना भाडाका सार्वजनिक सवारीसाधन पुतलीबजार नगरपालिका–१ को बसपार्कको तल्लो खण्डमा रहेको खुला स्थानमा पार्किङ गर्नुपर्ने छ।

ट्याक्सीका लागि भने ट्याक्सी चोकदेखि चापकोरुख जाने भित्री बाटोमा बढीमा दुई वटा ट्याक्सी राख्ने, अन्यले बसपार्कमा पार्किङ गर्ने, पिकअप वा सोभन्दा ठुला सवारीसाधन मुख्य राजमार्गमा सवारी पार्किङ गर्न नपाइने भएको छ । यो पटक यात्रु चढाउन र ओराल्नका लागि पनि निश्चित स्थान निर्धारण गरिएको छ । यात्रु ओराल्ने–चढाउने कार्यका लागि पुतलीबजारको बाङखोलाचोक, प्रगतिनगर नगरपालिका कार्यालय जाने चोक, घुम्ती चोकको प्रतीक्षालय, ट्याक्सी चोक र राङ्खोलास्थित बिरुवा चोकमा व्यवस्था गरिएको छ । राजमार्गका अन्य बजार क्षेत्र फेदीखोला, हेलु, बयरघारी, मिर्दी, वालिङ, गल्याङ, राम्दीमा भने सवारीसाधनको पार्किङ तथा यात्रु चढ्नेओराल्ने कार्यका लागि सम्बन्धित पालिका र जिल्ला ट्राफिक प्रहरी कार्यालयले समन्वय गरी स्थान पहिचान गरी जिल्ला प्रशासन कार्यालय स्याङ्जामा जानकारी गराउने जिम्मेवारी तोकिएको छ।

# लागुऔषध कारोबारी पक्राउ

**दमक समाचारदाता**
*दमक, चैत २४ गते*

झापाको भद्रपुरमा ठुलो परिमाणमा लागुऔषध ब्राउन सुगरसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूको साथबाट विभिन्न देशको मुद्रासमेत रहेको पाइएको प्रहरीले जनाएको छ। काठमाडौँबाट हवाईजहाज चढेर आएर यहाँ लागुऔषध खरिद गरेर हवाईजहाजबाट नै जाने योजना बनाएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार प्रहरीको 'अपरेसन ब्राउन' विशेष अभियानको क्रममा भद्रपुर नगरपालिका–४ का ३० वर्षीय बब्लु मर्दी र हाल काठमाडौँ बस्दै आएका बिर्तामोड नगरपालिका–१ का २७ वर्षीय अनमोल गजमेर पक्राउ परेका छन्। भद्रपुर–४, डाँगीबारीस्थित मर्दीको घरमा आइतबार अपराह्न प्रहरीले छापा मारेको थियो। घरबाहिर कम्पाउन्डमा टिनको डिब्बाभित्र लुकाइछिपाई राखिएको अवस्थामा २१८ ग्राम पाँच सय मिलिग्राम ब्राउन सुगर बरामद भएको खड्काको भनाइ छ। घटनास्थलबाट नगद तीन लाख २५० रुपियाँ प्रहरीले फेला पारेको छ। प्रवक्ता खड्काका अनुसार घटनास्थलबाट प्रहरीले ७५ अमेरिकी डलर, ५० पाकिस्तानी रुपियाँ, पाँच अस्ट्रेलियन डलर र ५३० भारतीय रुपियाँ बरामद गरेको छ।मर्दी लामो समयदेखि ब्राउन सुगरको कारोबारमा संलग्न रहेको र गजमेर ग्राहक रहेको प्रहरीको भनाइ छ। स्थायी घर बिर्तामोड रहेका गजमेर काठमाडौँ बस्दै आएको अनुसन्धानबाट खुलेको छ।


**Karnali Province Government**
**Ministry of Social Development**
**Directorate Of Education Development**
**Social Development Office Dolpa (SDO)**
Dolpa, Nepal

**Letter of Intent (LOI)**

**Date of Publication: 2082/12/25 (8th April, 2026)**

This is notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per IFB No:- **SDO/DOL/W/NCB/02/082/083** published on Prachhepan National Daily published on **2082/11/12 (24th Feb. 2026)** to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | SDO/DOL/W/ NCB/02/ 082/083 | Construction Of Four Room Bidithan Aa.Bi School Building Thulibheri Municipality-09 | Kedar And Krish Nirman Sewa And Suppliers Pvt.Ltd | 3947933.40 |

**Office Chief**

**खानीखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साल्मेचाकल, काभ्रेपलान्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना**

**सूचना प्रकाशन मिति : २०८२।१२।२५**

यस खानीखोला गाउँपालिकाद्वारा तपसिल योजनाहरूको कार्यान्वयनका लागि मिति २०८२/११/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा विद्युतीय बोलपत्र आह्वानको सूचना गरिएकोमा म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गरी तपसिल बमोजिमको निर्माण कम्पनीहरूको बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को उपदफा २ र दफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशन गरिन्छ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | कम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही निर्माण कम्पनीको नाम | कबोल रकम (मु.अ. कर.र PS सहित) |
|---|---|---|---|---|
| १. | Childamar Chokhe Hudai Dharne Jodne Sadak Naya Track Nirman | KRM-W-R-08-082/83 | Swarna Construction and Suppliers, Panauti, Kavre | NRs. 22,96,661.35 |

**प्रमुख प्रशासकीय अधिकृत**

**नगराई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधेश प्रदेश, धनुषा**

**बोलपत्र स्वीकृतिका लागि आशयको सूचना**

**प्रकाशन मिति : २०८२।१२।२५**

यस नगरपालिकाको मिति २०८२/१०/१४ र मिति २०८२/११/१५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय **(e–bidding)** माध्यमबाट खुल्ला रूपमा बोलपत्रहरू आह्वानको सार्वजनिक सूचना अनुसार निम्नानुसारको कार्यका लागि **e–GP** मातोकिएको म्याद भित्र पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र दाताहरू बोलपत्र दर भाउ पत्रहरू मूल्याङ्कन समितिबाट न्यूनतम मुल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको सिफारिस भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा२७ को उपदफा २ र ३को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | छनौट भएका बोलपत्रदाता तथा दरभाउ पत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.क. र पि.एस सहित) |
|---|---|---|---|---|
| १. | NM/WORKS/ 02/2082/83 | Upgrading of road at Khadka Tole | Shree Har Har Gangeconstruction Pvt. Ltd. विष्णुपुर–१, सिरहा | १८,११,०७६.३३ |
| २. | NM/WORKS/ 08/2082/83 | Finishing work of Briteshwar Mahadev Temple | Mata Rani Builders, जनकपुर–१२, धनुषा | २०,४६,०३२.९२ |
| ३. | NM/WORKS/ 09/2082/83 | Construction of Dihbar mandir at ward-3 | Mata Rani Builders, जनकपुर–१२, धनुषा | २१,०९,६१५.७९ |
| ४. | NM/WORKS/ 10/2082/83 | Construction of Boundary wall and beautification at ward Office-1 | Mata Rani Builders, जनकपुर–१२, धनुषा | १९,६६,५९३.८३ |
| ५. | NM/GOODS/ 01/2082/83 | Electrical Pole Street Light Procurement And Installation | Shree J.B. Traders, जनकपुर धाम–२, धनुषा | १५,२०,४१५.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**Triyuga Municipality**
**Office of The Municipal Executive**
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

**Invitation For Bid**

**Date of Publication: 2082-12-25 (2026-04-08)**

1. **Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.**

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-GOODS-27/ 2082-083 | Procurement and Supply of Text Book (1-8). | 3,185,251.91 | 3,000.00 | 84,500.00 | 90 days/ 120 days |

2. **Information to deposit the cost of bidding document and bid bond in bank:**

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | **2083-01-27 (10th May. 2026) Time: -12:00 Hrs.** |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | **2083-01-27 (10th May. 2026) Time: -13:00 Hrs.** |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | **2083-01-17 (30th Apr. 2026) Time: -11:00 Hrs.** |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

**Invitation for Online Bids**

**Prasauni Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Prasauni, Bara, Madhesh Province, Nepal**

**Date of Second Publication: 2082/12/25 (2026/04/08)**

1. Prasauni Rural Municipality, Prasauni, Bara invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for the following works.

| S.N. | Contract ID No. | Project Name | Estimated Amount With Vat & PS (Nrs.) | Bid security (Nrs.) | Bid Fee (Nrs.) | Last Date Of Bid Submission (Date & Time) | Bid Opening (Date & Time) |
|---|---|---|---|---|---|---|---|
| 1 | PRM/NCB (RE)/W/ 05/2082/083 | Bara jilla Prasauni gaupalika ward no 2 Kishori Sah ko ghar dekhi Rustam Ansariko ghar samma Sadak tatha nala Starunnati Karya. | 2436155.64 | 65000.00 | 3000.00 | 2083/01/10 (2026/04/23) 12:00 PM | 2083/ 01/10 (2026/04/23) 14:00 PM |
| 2 | PRM/NCB (RE)/W/ 06/2082/083 | Bara jilla Prasauni gaupalika ward no 2 Gurdeli yadavko ghar dekhi khursed chudiharko ghar samma sadak starunnati karya. | 2436296.52 | 65000.00 | 3000.00 | 2083/01/10 (2026/04/23) 12:00 PM | 2083/ 01/10 (2026/04/23) 14:00 PM |

2. For further details bidders are requested to visit PPMO eGP system **www.bolpatra.gov.np/egp.**
3. The office reserves right to accept or reject any or all bids without assigning reasons,whatsoever.

**Triyuga Municipality**
**Office of The Municipal Executive**
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Publication: 2082-12-25 (2026-04-08)**

1. **Triyuga Municipality Office, Gaighat, Udayapur invites electronic Sealed Quotation from duly registered eligible national bidders for the following works under Sealed Quotation Procedures.**

| S.N. | SQ No. | Description of Works | Estimated Amount (with VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-SQ-GOODS-28/ 2082-083 | Supply & Delivery of Sanitary Pads. | 1,815,067.91 | 1,000.00 | 48,000.00 | |
| 2 | TM-UDA-SQ-WORKS-29/ 2082-083 | Construction of Motigada Krishi Bajar at Tri. Na.Pa.03, Udayapur. | 1,158,093.55 | 1,000.00 | 30,500.00 | |

2. **Information to deposit the cost of bidding document and bid bond in bank:**

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | **2083-01-11 (24th Apr. 2026) Time: -12:00 Hrs.** |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | **2083-01-11 (24th Apr. 2026) Time: -13:00 Hrs.** |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | Rajaswa Shirshak No. | 14229 |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website **http://www.bolpatra.gov.np/egp**
4. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

**तुलसीपुर उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तुलसीपुर, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।१२।२४)**

यस उप–महानगरपालिको आ.व.०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमबाट तपसिलका योजनाका लागि मति २०८२।१२।२४ गते र मिति २०८२।११।०८ प्रथम पटक **www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना बमोजिम विद्युतीय **(E-bidding)** मार्फत पर्न आएको बोलपत्रको मूल्याङ्कन समितिको सिफारिस र नगर कार्यपालिकाको कार्यालयको मिति २०८२।१२।२० गतेको निर्णयानुसार देहाय बमोजिमको विद्युतीय बोलपत्रहरू सारभूतरूपमा प्रभावग्राही रहेकोले स्वीकृतिको लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं/ बोलपत्रको विवरण | छनोट गरिएको बोलपत्र दाताको नाम, ठेगाना | ल.ई. रकम (मु.अ. करवाहेक) | स्वीकृत बोलपत्रको रकम (मु.अ. करवाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | TSMC/NCB/ 62/W/2082/083 | Shree Kirshna Nirman Sewa Bagmare 5 Dang | ३७,८३,४०२।२३ (अक्षेरुपी सैतिस लाख तिरासी हजार चार सय दुई रुपैया र पैसा तेइस मात्र ) | २७,९२,५९२।८६ (अक्षेरेपि सत्ताइस लाख बयानब्बे हजार पाँच सय बयानब्बे रुपैया र पैसा छयासी मात्र) | बराखाली ठुला हुँदै कालामारे बाटोको यशोदा कंडेल को घर नजिक वाल निर्माण कार्य। |
| २ | TSMC/ CB/61/ W/2082/083 | Chhya & Suren Construction Tulsipur 12 Dang | ३५,४६,६००।०९ (अक्षेरुपी पैतिस लाख छयालीस हजार छ सय रुपैया र पैसा नौ मात्र ) | २७,६३,६६३।५२ (अक्षेरेपि सत्ताइस लाख तिरसठ्ठी हजार छ सय तिरसठ्ठी रुपैया र पैसा बाउन्न मात्र) | एकता टोल फोलङगे पुल देखि सरस्वती मावि जोड्ने सडक कालोपत्रे निर्माण कार्य। |
| ३ | TSMC/NCB/ 54/W/2082/083 | G.S & D Construction & Supplier's agchawar 9 Salyan | ३६,२३,२८८।०८ (अक्षेरुपी छत्तिस लाख तेइस हजार दुई सय अठासी रुपैया र पैसा आठ मात्र) | ३२,८५,२१२।१८ (अक्षेरेपि बत्तिस लाख पचासी हजार दुई सय बाह्र रुपैया र पैसा अठार मात्र) | दुई कोठे भवन निर्माण कार्य (श्री प्राथमिक स्कुल थापापानी)। |
| ४ | TSMC/NCB/59 /W/2082/083 | चन्द्रकला निर्माण सेवा, रोल्पा | – | रु. २६,५५४,५४।९३ (मु.अ. कर र पी.एस. सहित) | पढढा सानोगाउँ सडक कालोपत्रे योजना वडा नं. १० |
| ५ | TSMC/NCB/ 58/W/2082/083 | Lukkali Construction Company pvt ltd Tulsipur 11 | – | रु. ४४,९९,९९९।९९ (मु.अ. कर र पी.एस. सहित) | चिम्टहवा डिपबोरिङ योजना वडा नं. १० |

**प्रमुख प्रशासकीय अधिकृत**